**सूर्यविनायक नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय,भक्तपुर**
**बागमती प्रदेश ,नेपाल**

CCTV Surveillance Systems खरिद तथा जडान सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८२।०१।१०)

यस नगरपालिका लागि CCTV Surveillance Systems विद्युतीय बोलपत्र माध्यमबाट खरिद गरी जडान गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लिखित शर्त बमोजिम विद्युतीय बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. विद्युतीय बोलपत्र दस्तुर रु.३,०००।- वापतको रकम यस सूर्यवनायक नगरपालिकाको NIC ASIA BANK सुर्यविनायक, भक्तपुरमा रहेको आन्तरीक राजस्व खाता नं. ग-१-१-००८२०५००४२१२०००३ र धरौटी रकम रु. २,५०,०००।- NIC ASIA BANK सुर्यविनायक, भक्तपुरमा रहेको धरौटी खाता नं. ग-३-००८२०५००४२१२००१७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा कार्यसम्पादन जमानतमा परिवर्तन गर्न पाईने छैन ।
२. बोलपत्र खरिदकर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
३ बोलपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।
४.बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको मितिको ३१ औं दिन (२०८१।०२।०९) दिनको १२.०० बजेभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ ।
५. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह १२.३० बजेदेखि बोलपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. बोलपत्र बिद्युतीय माध्यमबाट खोलिने अन्तिम दिन विदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र विद्युतीय बोलपत्र खोलिनेछ ।
७. सूयवनिायक नगरपालिका भित्र CCTV Surveillance system ढुवानी तथा जडान वापत लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ ।
९. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

**तपसिल :**

| सि.नं | बोलपत्र नं. | विवरण | बैंक जमानत रकम रु | बैंक जमानतको म्याद | बोलपत्र दस्तुर रकम रु (फिर्ता नहुने ) |
|---|---|---|---|---|---|
| १ | SBM/CCTV ०१/०८१/०८२ | CCTV Surveillance System | २,५०,००० ।- | १२० दिन | ३,०००।- |

प्रमुख प्रशासकीय अधिकृत